नेपालको पहिलो बौद्ध मासिक

# आनन्द भूमि

२०६७ जेष्ठ पूर्णिमा/- वर्ष ३८ अंक २
बु.सं. २५५४ ने.सं. ११३०

The Ananda Bhoomi (Year 38, Vol. 2)
A Buddhist Monthly : June/July 2010

*प्रमुख सल्लाहकार:*
भिक्षु कुमार काश्यप महास्थविर (प्रमुख, आ. कु. वि.)
भिक्षु मैत्री महास्थविर (अध्यक्ष, आ. कु. वि. संस्था)

*सल्लाहकार:*
भिक्षु धर्ममूर्ति (सचिव, आ.कु.वि.)

*व्यवस्थापक*
भिक्षु सरणंकर
आनन्द कुटी विहार, ४२७१४२०

*विशेष प्रकाशनका लागि सहयोगी:*
बुद्धजयन्ती समारोह समिति, २५५४, श्रीघः काठमाडौं

*वितरण तथा अर्थ*
भिक्षु पियदस्सी, भिक्षु नारद

*लेखा व्यवस्थापन:*
भिक्षु प्रज्ञारत्न, सुरेश महर्जन, स्वयम्भू

*आवरण*
कवि मानन्धर

*सम्पादक/प्रकाशन संयोजक:*
कोण्डन्य
बुद्ध विहार भृकुटीमण्डप, ४२२६७०२

*वितरणार्थ सहयोगीहरू:*

बुद्धजयन्ती समारोह समिति (श्रीघः), शाक्य वाच शप-बनेपा, अ. इन्द्रावती, सुश्री वीणा कंसाकार, सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, सुवर्णमुनि शाक्य (भैरहवा), नरेश वज्राचार्य, विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), सर्जु वज्राचार्य (पाल्पा), उत्तममान बुद्धाचार्य (पोखरा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्), विजय गुरूङ् (लमजुङ्), ।

*मुद्रण:*
डट्स प्रिन्टिङ् हाउस, प्रयागपोखरी, ललितपुर, फोनः २१२०२३५

*प्रकाशक:*
आनन्दकुटी विहार
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०

*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



**जयं वेरं पसवति-दुक्खंसेति पराजितो ।**
**उपसन्तो सुखं सेति-हित्वा जय पराजयं ॥**

विजयले वैरभाव उत्पन्न गराउँछ, पराजित व्यक्ति दुःखपूर्वक सुत्छ, शान्त व्यक्ति जय र पराजयलाई त्यागेर सुखपूर्वक सुत्छ ।

त्याःम्हसित वैरी दइ, बूम्हसित दुःख जुइ, त्याः-बू त्वःता शान्त जुयाच्वंम्ह सुखपूर्वक द्यनी ।

***Victory breeds hatred. The defeated live in pain. Happily the peaceful live, giving up victory and defeat.***

- धम्मपद २०१

*सम्पर्क कार्यालय*
**आनन्द भूमि**
आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।
फोनः ४२७१४२०
E-mail : anandakutivihar@ntc.net.np

वार्षिक रू. १५०/- एकप्रति रू. १५/- वार्षिक ग्राहक बनी सहयोग गरौं ।

# सम्पादकीय

## जित-हारबाट मुक्त हुनसके सुखप्राप्ति

जीवन-जीवन्तता दिने क्रममा हामी अनेकानेक पक्षविपक्षलाई समेटिएर अगाडि बढिरहेका हुन्छौं, जतिबेला कहिले सुख त कहिले दुःख, कहिले लाभ त कहिले अलाभ, कहिले निन्दा त कहिले प्रशंसा, कहिले सफलता त कहिले असफलता, कहिले जीत त कहिले हारझैं अष्टलोकधर्मबाट हामी प्रभावित भइराखेकै हुन्छौं । त्यसो त जीवन एकैनासले अगाडि सललल् नबढी उतार-चढावका साथ अनेकता र विविधतायुक्त परिवर्तन स्वरूपमा अगाडि बढ्ने क्रम हो- जीवन । त्यसैले जीवन अनिश्चित तवरमै गुज्रिरहेको हुन्छ भने यसभित्र निश्चित भन्नु एउटै मात्र यथार्थ सत्य हो- मृत्यु । मृत्युलाई सहजरूपमा वरण गर्न सजिलो छैन, मृत्युलाई समेत हामीले स्वाभाविक रूपमा स्वीकार्न सक्नुपर्छ, तर यसो गर्न जीवनलाई नजिकबाट बुझ्ने अभ्यासको जरूरत हुन्छ ।

जीवनलाई जगतले प्रभावित पार्नु स्वाभाविक प्रकृया हो । दक्षिण अफ्रिकाका सकर सिटीहरूमा भएगरेका गोल हाम्रा घरघरमा गोल भइरहेको यतिबेला विश्वकप फुटबलले दुनियाँको ध्यानाकृष्ट गरिरहेको छ । वास्तवमा खेल, जसको परिभाषा यही हो भनी परिभाषित गर्नु सजिलो छैन । मानसिक, अध्यात्मिक खेल, शारीरिक खेल, छलकपटपूर्ण चालबाजी टिकदम बाजी खेल यी सबै खेल नै हुन् । शारीरिक खेलमध्ये फुटबल मात्रै यस्तो खेल हो, जुन विश्वमा सबैभन्दा लोकप्रिय खेल हो । यसै खेलअन्तर्गत विश्वकपले संसारलाई एकावद्ध गर्न सकेको आभाष लोकजनले गरेका छन् । खेल मन पर्ने वित्तिकै खेल खेल्ने खेलाडीहरू मनपर्नु अस्वाभाविक होइन । त्यसपछि फलना देश मेरो पक्ष, त्यसलाई फाइनलमा पठाउनु पर्छ, जिताउनु पर्छ भन्दै पक्ष लिने मात्र होइन त्यसमै जुवाबाजी समेत गर्न पछि पर्दैनन् । खेलमा जित्नेले रमाई रमाई पैसा उडाउने काम गर्छन् त हार्नेहरू दुःखित बनी सुर्ताएर बस्ने हुन्छ । बढी क्रेज वा आशक्तपनले जो कसैलाई दुःखित तुल्याउँछ ।

वस्तुतः यतिबेला कुनैपनि कुरामा आशक्त नहोऊ भन्ने बुद्धोपदेशलाई मनन गर्नु प्रासाङ्गिक होला । किनकि बढी क्रेज-आशक्तिले हामीलाई सताइरहेको छ, दुःख दिइरहेको छ । कामकुरा एकातिर कुम्लो बोकी ठिमीतिर भनेझैं खेलभावनासहित खेल हेर्ने दर्शक हामीले अचिन्ति तं पि भवति, चिन्तितं पि विनस्सति अर्थात् जे सोचिन्छ त्यसको विपरीत हुनसक्छ, जे कल्पनै गरिन्न र त्यस्तै त्यस्तै भइरहन्छ । विश्वकपको दावेदारी टिम भन्दै हामी ब्राजिल, अर्जेन्टिना, स्पेन, पोर्चुगल, इङ्गल्याण्ड, इटली, दक्षिण अफ्रिका आदि ....हौं भन्दै गर्वले गद्गद् हुनेहरू विपरीत परिणाम भोग्दै दुःखित भइराखेका हुन्छौं । कल्पनै नगरेका जापान, कोरिया, अमेरिका, स्लोभाकिया ....जस्ता टीमको सफलताले सबैलाई आश्चर्यचकित तुल्याइदिएको छ । यतिसम्म कि चाहिनेभन्दा बढी आशक्त हुनेहरू अर्थात् एकलकाँटे पक्षवादीहरू फलाना मेरो टिम हारेदेखि वर्ल्डकप नै हेर्न मन लागेन, क्या बोर....भन्दै दुःखित हुन्छन्, नुन खाएको कुखुरा झैं घोरिएर बस्छन् । अति क्रेजीहरू जितहार मात्र हैन गरेको गोल र खाएको गोलमै झुण्डिएरै बाजीमार्नमै व्यस्त हुन्छन् । वास्तवमा मनोबल गिर्ने गरी, झैझगडा नै हुने गरी क्षणिक आवेगमा हाहा र हुहु गर्दै पक्षवादी हुँदा दुःख हुन्छ कसलाई ? नरमाइलो लाग्छ कसलाई ? मानसिक रूपमै आघात पर्ने गरी, मनोबल गिर्ने गरी, मनमा असर पर्ने गरी हामी पक्षवादी हुनु स्वयंको लागि हानिकारक सिद्ध हुनसक्छ । खेल हो, जितहारको भावना अर्थात् खेलकै भावनामा प्रतिष्ठित भई खेल हेर्न सके खेलको रौनकता छाउने हुन्छ, होइन भने उत्तेजनामा हिंस्रक प्रवृत्ति समेत प्रदर्शन गर्न पछि पर्दैनन् ।

जीवनसँग सम्बन्धित हरपक्ष जीत-हार, सफलता र असफलतासँग हातेमालो गर्दै अगाडि बढिरहेको हुन्छ । जीत-हार त भैहाल्छ, एकजना जित्नु भन्नु अर्को हार्नु हो र जीत-हारको अर्को नाम खेल हो । जो जीत हारलाई पन्छाएर अति आशक्तपूर्ण पक्षवादी मानसिकताबाट टाढिने हुन्छ, उसलाई खेल हेर्दा वा खेल्दा हारमै पनि खुशीको अनुभूति प्राप्त हुन्छ । जीतले उम्मीद ल्याईदिन्छ हारले, नयाँ पाठ सिकाउँछ । त्यसैले **जयं वेरं पसवति दुक्खंसेति पराजितो, उपसन्तो सुखं सेति हित्वा जय पराजयं** अर्थात् विजयले वैरभाव उत्पन्न गराउँछ, पराजित व्यक्ति दुःखपपूर्वक सुत्छ, शान्त व्यक्ति जय र पराजयलाई त्यागेर सुखपूर्वक सुत्छ भन्ने बुद्धोपदेशलाई हृदयंगम गर्नसके हामी आफै शान्त हुनसक्छौं ।

# विषय-सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | सद्‌गृहस्थको चारवटा सम्पत्ति | ✍ सत्यनारायण गोयन्का | ४ |
| २. | बौद्धझण्डा १२५ वर्षमा प्रवेश | ✍ भिक्षु राहुल | ६ |
| ३. | बुद्धको उपदेश र मनोविज्ञान | ✍ केशरी वज्राचार्य | ७ |
| ४. | जनशक्तिहरूको विदेश पलायन | ✍ त्रिरत्न मानन्धर 'सद्धम्म कोविद' | १० |
| ५. | विश्व-शान्तिका निम्ति शून्यता | ✍ लोकबहादुर शाक्य | १२ |
| ६. | बुद्ध तिमी आऊ | ✍ देवेन्द्रराज शाक्य | १३ |
| ७. | बुद्धशिक्षा-विश्व वातावरणको रक्षा | ✍ शिशिल चित्रकार | १४ |
| ८. | बुद्ध भजन | ✍ सरिता तुलाधर 'उपासिका' | १५ |
| ९. | धर्मनिरपेक्षताय् ब्वलंगु भ्रम व निवारण | ✍ लाभरत्न तुलाधर | १६ |
| १०. | दान पारमिता | ✍ आचार्य भिक्षु कुमार काश्यप | १८ |
| ११. | The Simple Essence of Buddhism | ✍ Suwarna Shakya | २१ |
| १२. | बौद्ध गतिविधि | | २४ |


यस अङ्क




आनन्द भूमि

**पढौं पढाऔं समयमैं वार्षिक ग्राहक बनौं**

**आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**

**फोनः ४२७१४२०**

E-mail : anandakutivihar@ntc.net

गताङ्कमा




**नेपालमा बुद्धवचन त्रिपिटक अनुवादबारे पछिल्लो जानकारी तथा बुद्धशिक्षासम्बन्धी ज्ञान लाभ गर्नुहोस् ।**

**www.tipitakanepal.org**

# सद्गृहस्थको चारवटा सम्पत्ति



✍ सत्यनारायण गोयन्का

भगवान्ले उहाँको अग्र उपासक गृहपति अनाथपिण्डिकलाई उपदेश दिनु हुँदै भन्नुभयो यी चारैवटा प्रीय, मनोरम र सुखद् अभिलाषाहरूलाई पूर्ति गर्ने चारधर्म साधनहरू पनि छन् जसबाट दुर्लभलाई सुलभ बनाइदिन्छ । यी चारवटा साधनहरू हुन्- श्रद्धा सम्पत्ति, शील-सम्पत्ति, त्याग-सम्पत्ति र प्रज्ञा-सम्पत्ति ।

**श्रद्धा-सम्पत्ति**

कसैको सम्यक् सम्बुद्धको ज्ञानप्रति श्रद्धा उत्पन्न हुन्छ, उहाँको गुणप्रति श्रद्धा उत्पन्न हुन्छ, ओहो भगवान् तथागत अरहन्त हुनुहुन्छ, सम्यक् सम्बुद्ध हुनुहुन्छ, विद्या-आचरण सम्पन्न हुनुहुन्छ, सुगत हुनुहुन्छ, लोकको ज्ञाता हुनुहुन्छ, अनुपम हुनुहुन्छ । बेठिक बाटोमा लागेका व्यक्तिहरूलाई सही बाटो देखाउन कुशल हुनुहुन्छ, देवता र मनुष्यहरूका शास्ता हुनुहुन्छ, आचार्य हुनुहुन्छ । बुद्ध हुनुहुन्छ, भगवान् हुनुहुन्छ ।

सम्प्रदायविहीन शुद्ध धर्मप्रति श्रद्धा जाग्दछ-धर्म स्पष्ट छ, सुआख्यात छ, सांदृष्टिक छ, अकालिक छ, जो कोहीले पनि यस धर्मलाई अपनाएर-अनुभव गरेर हेर्न सक्छन्, यसले उन्नतितर्फ लैजानेछ र प्रत्येक समझदार व्यक्तिले यसलाई धारण गर्न योग्य छ ।

सन्त समाजको पवित्रताप्रति श्रद्धा जाग्दछ । यी सन्तहरू सुमार्गगामी छन्, ऋजुमार्गगामी छन्, ज्ञानमार्गगामी छन् र सामीचीनमार्गगामी छन् । यी सन्तहरू शील, समाधि र प्रज्ञामा प्रतिष्ठित भएर अनार्यबाट आर्य बनिसके, निर्वाणलाई देखिसके । त्यसैले यिनीहरू सन्त छन्, निर्मल चित्त भएकाहरू हुन् । यसैकारणले उनीहरू पूज्य छन्, वन्दना गर्नलायक छन्, अथिति मान्नलायकका छन्, दक्षिणा दिन योग्य छन् । लोकमा यी अनुपम पूण्य-क्षेत्र हुन् ।

सद्गृहस्थ जब श्रद्धा सम्पत्तिबाट सम्पन्न हुन्छ तब उसको चित्तको कठोरता कम हुन्छ, उनमा मृदुलता आउँदछ । कटुता कम हुन्छ र मधुरता आउँछ । कुटिलता कम हुन्छ र सरलता आउँछ । यस्तो व्यक्तिले अरूलाई धोखा दिएर सम्पत्ति बटुल्न सक्दैन । धर्मपूर्वक नै सम्पत्ति आर्जन गर्दछ र धन कमाउन सफल रहन्छ ।

**शील सम्पत्ति**

शील सम्पन्न रहेको सद्गृहस्थले कुनैपनि प्राणीको हत्या गर्दैन, चोरी गर्दैन, व्यभिचार गर्दैन, झूठो बोल्दैन, मादक पदार्थको सेवन गर्दैन । शरीर तथा वाणीबाट यस्तो कुनै दुष्कर्म गर्दैन जुन काम गर्नाले अरूले निन्दा गर्छ । यसकारण शीलसम्पन्न व्यक्ति अपयश हुनबाट बच्दछ र यश सम्पन्न नै हुन्छ ।

**त्याग सम्पत्ति**

सद्गृहस्थले केवल संचय गर्न, संग्रह गर्न र परिग्रह गर्नका लागि मात्र धन कमाउँदैन । ऊ मात्सर्यरहित चित्तको जीवन जिउँदछ । उसले आफ्नो कमाईलाई संविभाग गर्दछ । त्यसलाई बाँट्छ । प्रसन्न चित्तले स्वच्छ मनले, खुल्ला हातले दान दिन्छ । यही नै एकजना सद्गृहस्थको दान सम्पत्ति हो । यसरी सम्पन्न भएर जब कोही सत्पुरूषलाई भोजन, वस्त्र, औषधि, निवास आदिको दान दिन्छ तब आयुबलको नै दान दिन्छ र त्यसको फलस्वरूप उसलाई पनि आयुबल नै प्राप्त हुन्छ । ऊ दीर्घजीवी हुनुको साथै स्वस्थ रहन्छ ।

**प्रज्ञा सम्पत्ति**

सद्गृहस्थ शील सदाचारको जीवन जिएर चित्तलाई एकाग्र गर्ने अभ्यास गर्दछ र कायमा कायानुपश्यना, वेदनामा वेदनानुपश्यना, चित्तमा चित्तानुपश्यना र धर्ममा धर्मानुपश्यना गर्दछ । यसरी अन्तरमुंखी भएर विपश्यनाको अभ्यास गऱ्यो भने

थाहापाउँदछ कि कसरी समय-समयमा पाँच प्रकारका आवरण-नीवरणहरू बाधा बनेर उसको चित्तमा छाउँछन्, मानौं पाँचैजना दुश्मन टाउकोमा चढेको छ ।

उसले थाहापाउँदछ कि कहिले काहीँ चित्तमा लोभ छाउँदछ र त्यसको कारण गर्न नहुने काम गर्न पुग्दछ । जुन गर्नुपर्ने हो त्यो गर्न सक्दैन । अकरणीय काम गर्नाले र करणीय काम नगर्नाले उसको सुख र ऐश्वर्यमा हानी पुग्दछ । त्यस्तै यदि चित्त द्वेष र दौर्मनस्यले भरेको छ भने पनि यस्तै हुन्छ । अथवा चित्त अल्छी र प्रमादले भरेको छ भने पनि अथवा बेचैनी र आत्मग्लानिले भरेको छ अथवा शंका र सन्देहले भरेको छ भने पनि त्यस्तै हुन्छ । विपश्यी गृहस्थ श्रावक समय-समयमा प्रकट हुने यी पाँचैवटा आवरण-नीवरणहरूलाई दुश्मनको रूपमा चिन्दछ र बुझ्दछ कि यी चित्तका क्लेश हुन्, मयल हुन् । यसरी बुझेर त्यसलाई प्रयत्नपूर्वक हटाउँछ । यी नीवरणहरूलाई नियालेर स्थूल-स्थूल सत्यको दर्शन गर्दछ र त्यसलाई विभाजन, विघटन, विश्लेषण गर्दै सूक्ष्म सत्यलाई साक्षात्कार गर्दछ र परमसत्य निर्वाणको दर्शन गर्दछ । अनार्यबाट आर्य बन्दछ । यस्तो सद्गृहस्थलाई महाप्रज्ञ भनिन्छ । पृथप्रज्ञ भनिन्छ । यस्तो व्यक्ति प्रज्ञा-सम्पदाबाट सम्पन्न हुन्छ ।

प्रज्ञाको आधारमा परमसत्यको मार्गमा अघि बढेको साधक अपायगति अधोगतितर्फ लैजाने आफ्ना सबै कर्म संस्कारहरूलाई क्षय गर्दछ । निर्वाणलाई साक्षात्कार गरेर गृहस्थ जब श्रोतापन्न बन्दछ, मुक्तिको श्रोतमा पर्दछ तब अधोगतिबाट पूर्णतया छुटकारा पाउँदछ । उनको जति जन्म बाँकी रहेको छ त्यो माथिको लोकको नै हुन्छ । यस प्रकार प्रज्ञामा पोष्ट भएर गृहस्थ आफ्नो सद्गतिको बारेमा निश्चित र आश्वस्त हुन्छ ।

यसरी श्रद्धा, शील, दान र प्रज्ञाद्वारा सद्गृहस्थले आफ्नो चारैवटा अभिलाषाहरू सजिलै पूरा गर्दछ र दुर्लभलाई सुलभ बनाउँदछ ।

☸

## बौद्ध-वृद्धाश्रम, बनेपालाई सहयोग प्राप्त

बौद्ध-वृद्धाश्रम, बनेपाको लागि विभिन्न तवरबाट सहयोग गर्नेहरूको विवरण सर्वसाधारणको लागि जानकारी होस् भनी प्रकाशित गरिएको छ :-

१) ओजेश वज्राचार्य, छाउनी-स्वयम्भू, काठमाडौं । मार्फत् भिक्षु धर्ममूर्ति महास्थविर रू. २५,०००।-

२) युनिटी बचत तथा ऋण सहकारी संस्था, मयुरहल, बनेपा रू. ५००।-

३) सुष्मा र रेजिता उपासिका, काठमाडौंबाट जेठ २२ गते, भोजन दान

**वृद्धाश्रममा बस्न चाहनेहरूले-**

- वृद्धाश्रमले तोकेको न्यूनतम शुल्क तिरी इच्छुक जो कोही वृद्धवृद्धाहरू बस्न सकिने ।
- आश्रममा उमेर हद पुरा गरी असहाय भएका वा घरमा आफ्ना छोराछोरीहरूबाट अलग्ग बस्न चाहने वा केही समय घर छाडी हावापानी फेर्न केही अवधिका लागि पनि आश्रममा रहन सकिने ।
- आश्रममा प्रवेश गर्न इच्छुक व्यक्तिहरु स्थायी वा अस्थायी रूपमा आश्रममा बस्न सकिने छ । अस्थायी रूपमा आश्रममा बस्ने व्यक्ति कम्तिमा ३ महिनासम्म बस्नुपर्ने छ ।
- बौद्ध वृद्धाश्रममा बौद्ध तथा अबौद्ध व्यक्तिलाई स्थान प्रदान गरिने छ । आश्रममा प्रवेश गरिसकेपछि आश्रमकै नियमानुसार प्रतिवद्ध हुनुपर्ने छ । बौद्ध वृद्धाश्रम बुद्धधर्म तथा बुद्धशिक्षामा आधारित भएकोले बुद्धधर्मअनुसार आचरणमा रही आश्रममा बस्न पाइने छ ।
- विशेष परिस्थितिमा बौद्ध वृद्धाश्रमको कार्यसमितिले वृद्धाश्रममा नै आजीवन बस्न चाहनेका लागि एकमुष्ट रकम तिरेर बस्न पाउने व्यवस्था गर्न सकिने छ । यसका लागि आपसी समझदारी कायम गर्न सकिने छ ।

**सहयोगको लागि साधुवाद**

उपरोक्त सहयोगी दाताहरूलाई हार्दिक साधुवाद व्यक्त गरिन्छ । बौद्ध-वृद्धाश्रमको भौतिक पूर्वाधारलगायत अन्य थुप्रै आवश्यकताहरू वा यथाश्रद्धा जो कसैले कुनैपनि रूपबाट सहयोग गर्न चाहने श्रद्धालुहरूलाई बौद्ध-वृद्धाश्रम हार्दिक अनुरोध गर्दछ । विस्तृत सम्पर्कका लागि बौद्ध वृद्धाश्रम, बनेपा, फोन ०११-६६२८४९, बुद्धविहार भृकुटीमण्डप, काठमाडौं, फोन ४२२६७०२, मोबाइल ९८५१०४६१८८ । ☸

# बौद्धझण्डा १२५ वर्षमा प्रवेश



✍ भिक्षु राहुल

शान्तिनायक तथागत सम्यक् सम्बुद्धको जन्म, बुद्धत्व प्राप्ति, महापरिनिर्वाण दिवस यी तीन महत्वपूर्ण संयोगयुक्त २५५४ औं बुद्धजयन्तीको यस अवस्थामा बौद्धहरूको चिन्हको रूपमा मानिने बौद्ध झण्डाको बारेमा केही कुरा प्रष्ट गर्न चाहन्छु । विश्वमा बौद्ध झण्डा कसरी निर्माण भयो भन्ने विषय पनि जिज्ञासापूर्ण हुनसक्छ ।

जुनसुकै जातिको पनि आफ्नोपन सुरक्षा गर्नको लागि संस्कृति, सदाचार झल्काउने गरी झण्डाको उपयोग गरिने परम्परा भएजस्तै बौद्धहरूको आफ्नो विविधता प्रकाश पारी आफ्नोपन सुरक्षा गर्नको लागि विकास प्रकृया अगाडि बढाउनु स्वाभाविक हो । यस विषयसम्बद्ध विश्लेषण तथा समीक्षा गर्नु चासो लाग्दो विषय पनि हो । यसै सन्दर्भमा २५५४ औं बुद्धजयन्ती (बुद्ध पूर्णिमा) नेवार भाषामा भन्ने हो भने स्वाँया पुन्हीको सुअवसरमा यस ऐतिहासिक बौद्ध झण्डाको १२५ औं वर्ष पूर्ण भएको कुरा गौरवका साथ अगाडि राख्न चाहन्छु । सिद्धार्थ कुमारले ६ वर्षको घोर तपस्यापछि बुद्धत्व प्राप्त गरी सम्पूर्ण क्लेशबाट मुक्त हुनुभयो । उहाँले बुद्धत्व प्राप्तिपछि बोधिवृक्षमुनि ७ हप्ता सम्म बिताउनुभएको र विशेष गरी चौथौं सप्ताहमा अभिधर्मको पट्ठान न्याय मनन् गरी बस्नुभएको बेलामा उहाँको शरीबाट छवर्ण बुद्धरश्मि पदार्पण भई लोकान्तसम्म फैलिएको कुरा बौद्ध ग्रन्थमा उल्लेखित छ ।



छवर्ण बुद्धरश्मि फैलिएको आकार धम्मसंगिनी अट्ठकथा अट्ठसालिनीमा पनि उल्लेख भएको पाइन्छ । त्यसबेला फैलिएका छवर्ण बुद्धरश्मिको आधारमा बौद्ध झण्डाको निर्माण भएको कुरा स्पष्ट हुन्छ । "नील पीत लोहित ओदात माञ्जेट्ठ पभस्सर वसेन छब्बण्णा" अर्थात् नीलो, पहेंलो, रातो, सेतो, कलेजी र ती सबै रंगहरूको सम्मिश्रण गरी ६ वटा हुन् ।

साँच्चै नै भन्ने हो भने १२५ वर्षअगाडि श्रीलंकामा निर्माण गरिएको बौद्ध झण्डाको रंग ६ वटा नै हुन् । यसमा केही विवाद छैन । ती रंगहरू कसरी संकलन भयो भन्ने कुरा मात्र स्पष्ट गरेको हुँ ।

सन् १८८५ मा हेनरी स्टील ओलकट महासयको आग्रहमा वैशाख पूर्णिमाको दिन बसेको बैठकमा सि.पि. गुणवर्धन महासयद्वारा प्रस्तावित छवर्ण बुद्धरश्मि बौद्ध-झण्डामा राख्ने सहमति भएबमोजिम बौद्ध-झण्डाको निर्माण भएको थियो । सन् १९५० मा श्रीलंकामा आयोजित प्रथम विश्व बौद्ध सम्मेलनमा प्राध्यापक गुणपाल मललसेकर महासयको महत्वपूर्ण योगदान रहेको थियो, जुन सम्मेलनमा पारित भएअनुसार छवर्ण बौद्ध झण्डा विश्व बौद्ध झण्डाको रूपमा स्वीकारिएको हो ।

दुःख र खेदको कुरा, अमूल्य बौद्ध झण्डालाई अगौरव हुने गरी यस झण्डाको रंगको प्रयोगमा फरक फरक देख्न पाइन्छ । यस्को रंग बदल्नुको केही कारण भएतापनि यसको औचित्य र अनौचित्यताको विषयमा ध्यान राख्नु जरूरी छ । यसमा केही तर्कवितर्क गरिराख्नु पर्ने स्थिति छैन । भएको सत्य कुरालाई स्वीकार्न सके हामी वादविवादमा परी अशान्तिपूर्ण वातावरण अपनाउनु जरूरी छैन । बौद्धहरू शान्तिप्रीय छन् । बुद्धको उपदेशअनुसार मैत्री गर्नु मानवजातिहरूलाई मात्र नभई सबै प्राणीप्रति दयामाया मैत्रीपूर्ण सद्भाव राख्नु बौद्धहरूको कर्तव्य हो र यो हाम्रो विशेषता पनि हो । बौद्धहरू कुनै हालतमा अशान्ति चाहँदैनन् । विश्वमा शान्ति फैलियोस् भन्ने आकांक्षा नै गर्दछन् । तसर्थ बौद्ध झण्डाको नियम-स्वरूप के हो भन्ने विषयमा संक्षिप्त रूपमा उल्लेख गर्नु बाहेक कुनै कसैलाई वाद-विवादमा तान्ने मनसाय होइन ।

अन्तमा, २५५४ औं बुद्धजयन्ती उपलक्षमा विश्वमा शान्ति फैलियोस् तथा र सम्पूर्ण प्राणीहरूको कल्याण होस् भन्ने कामना गर्दछु ।

☸

# बुद्धको उपदेश र मनोविज्ञान



✍ केशरी वज्राचार्य

आजकल पश्चिमी देशहरूमा बुद्धलाई ठूलो मनोविज्ञानवेत्ता भनेर वैज्ञानिक विश्लेशषण गर्न थालिएको छ । बुद्धले आफ्नो जीवनकालमा दिएका उपदेशहरू आफैले अनुभव गरेर मानवजीवनलाई सुखको बाटोमा लगाउन प्रेरणा दिएका छन् । त्रिपिटकको अध्ययन गर्दा जुनसुकै उदाहरण पनि त्यत्तिकै जीवनोपयोगी अनि ब्यावहारिक छ । प्राचीन श्रावस्ती नगरकी एक नारी कृशागौतमीको दृष्टान्तबाट बुद्धको उपदेश पद्धति पनि मनोवैज्ञानिक छ भन्ने कुरा थाहा हुन्छ । त्यसबेलाको समाजमा मानिसले यो पृथ्वीमा जन्म लिएपछि एक दिन अवश्य मर्नुपर्छ भन्ने कुरा थाहा नपाएको हुनै सक्तैन । तथापि कृशागौतमीलाई अज्ञानको पर्दाले ढाकेको थियो । मोहको बन्धनले बाँधिएको थियो । स्वार्थको अन्धकारले जेलिएको थियो । त्यही कारण ऊ विक्षिप्तभई छटपटिएर मरेको छोरालाई बचाउने वैद्यको खोजीमा भौंतारिरहेको बेला कसैले उसलाई बुद्धसमक्ष जाने सल्लाह दिन्छन् । ऊ बुद्धकहाँ पुग्छन् । अनि जीवनको वास्तविकतालाई राम्रोसित बुझ्दछन् ।

क्षणिक आवेस र भ्रममा परेर मानिस वास्तविकतालाई बिर्सने भूल गर्दछन् । कृशागौतमीले बुद्धको शरणमा गएपछि उपदेश सुनेर उनको अन्तस्करणको चेतना जागृत भयो । ऊ ठूलो भ्रममा रहेछ भन्ने कुरा उसले आफै बुझेका थिए । बुद्धले त उसको अन्तस्करणलाई जगाई दिएका मात्र हुन् । उसको अन्तस्करणमा स्वयम् ज्ञानको दियो बलेको थियो । खिया लागेको सुनलाई सुनारले आगोमा पोलेर पानीमा डुबाएपछि जुन चमक आउँछ त्यही चमक कृशागौतमीको चेतनामा पनि आयो । उसको सोचमा ठूलो परिवर्तन आयो । मानिसमा विद्यमान त्यही सोचाइ परिवर्तन नै बुद्ध-उपदेशको महान लक्ष हो । बुद्धले उनलाई आजसम्म कोही पनि नमरेको घरबाट तिल ल्याऊ, तिम्रो छोरा बचाई दिन्छु भनेर किन भनेका रहेछन् भन्ने यथार्थ उनले अनेक घर चाहार्दा चाहार्दै आफै महसुस गरिन् । उनले सत्यको पहिचान गरिन् । बुद्धले त उनलाई सही मार्गमा लाग्ने बाटो मात्र देखाइ दिएका थिए । कृशाले तिल खोज्दाखोज्दै आफसे आफ बुझेका थिए । बुद्धले फेरि उनलाई सम्झाई रहनु परेन । बुद्धले कृशालाई सम्झाए । कृशा ! मानिसको जिन्दगी यही हो ।

कृशागौतमी अज्ञानको अन्धकारमा अलमलिरहेका यस धरतीका असंख्य नरनारीका प्रतीक हुन् । स्वार्थको जालोमा बेरिरहेका अनगिन्ति मानिसहरूको प्रतिविम्ब हो । कुसंस्कार र सामाजिक अन्धविश्वासले थिचिएकी पीडाका ज्वाला हुन् । वन डढेको देख्ने तर मन डढेको नदेख्ने मानिसहरूका प्रतिछाँया हुन् । उनी सामाजिक पारिवारिक भेदभाव र नारी जातिमाथि लगाइने एकतर्फी अविवेकी दोषारोपणबाट उत्पीडित नारीको उद्बोधन हुन् । अन्ततः यो समाज कति अविवेकी र स्वार्थको जंजालमा लपेटिएको छ भन्ने कुराको ज्वलन्त उदाहरण निरीह कृशागौतमीको जीवनीमा पाइन्छ । यही कुरालाई बुद्धले कृशागौतमीको उपमा दिएर समाजलाई नयाँ सोचबाट अगाडि बढ्न उपदेश गरेका छन् । कृशा गौतमीको छोरा भन्दा श्रावस्तीमा के अरू मानिस मरेका थिएनन् त ? अवश्य नै मरेका थिए । तर यसका साथै उनीमाथि मात्र होइन समाजले मानिसलाई जुन किसिमका अविवेकी ब्यवहार गर्दथे त्यसलाई जरैबाट हटाउनु आवश्यक थियो । बुद्धको शरणमा गएपछि उनमा जुन परिवर्तन आयो, त्यो हरेक मानिसमा आउनुपर्छ । त्यो कसरी आउँछ ? त्यही उपाय बुद्धको उपदेशमा छ । बुद्धलाई नचिन्नेहरू चिनेर बूझ पचाउनेहरू त्यसबेला पनि थिए । आज पच्चीससय वर्षपछि पनि त्यत्तिकै छन् । तर फरक के मा छ भने त्यतिबेला पृथ्वीमा मानिसहरू थोरै थिए, अहिले छअर्ब पुगिसकेका छन् । त्यस अनुपातमा हेर्ने हो भने अझै पनि मानिसको चित्तको प्रवृत्तिमा आकाश र जमिनको ठूलो अन्तर कायमै छ ।

बुद्धले भनेका छन्- यो पृथ्वीमा एक मुट्ठी माटो जति मात्र मानिस सज्जन र दयालु छन् । बाँकी पृथ्वीको माटो जति त सबै दुष्ट र नराम्रो प्रवृत्तिका छन् । त्यसमा क्रमशः सुधार ल्याउन सकिन्छ । खराब प्रवृत्तिलाई सुधार

गरेर जिन्दगी सुखमय बनाउने कुरा आफ्नै हातमा छ । यहाँनिर विचारगर्ने हो भने मानिसले पहिले आफैले आफ्नो चित्त शुद्धगर्न बुद्ध उपदेशलाई पालन गर्ने प्रतिबद्धता जनाउनु पर्दछ । मेहनत गर्नुपर्छ । त्यसका लागि ठूलो प्रयास गर्नुपर्छ । तर त्यो साह्रै गाह्रो हुन्छ । बुद्धलाई त असंख्य जन्मपछि मात्र बुद्धत्व प्राप्त भयो भने साधारण मानिसबाट एकै चोटी कसरी आशा गर्ने ? त्यसैले बुद्धले भनेका छन्- धर्म मार्गमा लाग । धर्मको आचरण गर । कृशागौतमीले बुद्धको शरणमा गएपछि ज्ञान हासिल गरेर समाजलाई जुन उदाहरण देखाएका थिए, त्यो नै उत्तम मार्ग हो जसलाई आजको समाजले पनि बुझ्नु जरूरी छ । विवेक विचार गर्न शक्ति मानिसमा बढी हुन्छ । तर त्यसलाई स्वार्थको जालोले ढाकेको हुन्छ । यही कुरा हामी कृशागौतमीको जीवन कथामा पाउँछौ ।

समाजसँग बदला लिन चाहने अंगुलिमाल बुद्धको शरणमा गएर बुद्धको महाकरूणाले गर्दा नयाँ अहिंसक बनेको अर्को उदाहरण छ । हत्या, हिंसाको नराम्रो बाटो त्याग्ने अंगुलिमालको जीवन-कथा पनि बुद्ध-उपदेशमा पाइने मनोविज्ञानको यस्तै अर्को ज्वलन्त उदाहरण हो । मानिस मिथ्या आरोपबाट कतिसम्म प्रताडित हुन्छन् र त्यसबाट ऊ कति हदसम्म हिंस्रक प्रवृत्तिबाट ग्रसित हुन्छ भन्ने कुरा अंगुलीमालको जीवन-कथामा पाइन्छ । धेरैजसोलाई ऊ एउटा हिंस्रक, हत्या, हिंसा गर्ने नीच प्रवृत्तिका मानिस हुन् भन्ने कुरामात्र थाहा छ । उसले किन त्यस्तो गलत बाटो अपनाउनु पऱ्यो भन्ने बारे त्रिपिटक अध्ययन गर्ने बुद्ध-उपदेशमा निहित यथार्थ सत्यलाई बोध गर्ने अनि गहन विश्लेषण गर्नेहरूलाई राम्रोसँग थाहा छ । एउटा अंगुलीमालको जीवन-कथाबाट मानव-जगतलाई नै दया, प्रेम, करूणा र सद्भावको शिक्षा दिएका छन् । घृणा, द्वेषले मानिसलाई कतिसम्म हानी गर्दछ भन्ने ज्वलन्त उदाहरण पनि अंगुलीमालको जीवन-कथामा छ ।

अंगुलीमाल सानो छँदा अत्यन्त प्रतिभाशाली आमाबाबु र गुरूप्रति आदर सत्कार गर्ने आज्ञाकारी बालक थियो । जसको नाम अहिंस्रक थियो । मेधावी छात्र भएकाले उनी गुरूकुलमा नै साथीहरूसँग अध्ययन गर्दथे । मानवीय प्रवृत्तिको राम्रो विश्लेषण पनि उनको जीवन कथामा प्रष्ट छ । साथी सहपाठीहरू नै उसको इर्ष्या गर्दथे । उनीहरू सबै इमान्दार प्रतिभाका दुष्मन बनेका थिए । दुष्ट र अज्ञानीहरूको संगत त्याग्नुपर्छ । आफूजस्तै असल सत्पुरूषको मात्र संगत गर्नुपर्छ भन्ने बुद्ध-उपदेश हो । अंगुलीमालले दुष्टहरूको संगत त्याग्नुभन्दा अगाडि नै ऊ दुष्टहरूको षडयन्त्रमा पऱ्यो । गुरूलाई उनको विरूद्ध नानाथरी झुठा आरोप र पोल अगाउने कार्य इर्ष्यालु सहपाठीहरूले गरे । दुष्ट प्रवृत्तिका मानिसहरू कतिहदसम्म असल मानिसका विरूद्ध जानसक्छन् भन्ने उदाहरण अंगुलीमालको जीवन-कथामा छ । एक दिन सहपाठीहरूले गुरूलाई पोल सुनाए । अहिंस्रक गुरूआमाप्रति आशक्त छ । गुरूको आँखा छलेर गुरूआमासित नै सहवास गर्छन् भन्नेजस्ता संगीन झुठा आरोप अहिंस्रकलाई लाग्यो । गुरूले त्यसबेला आफ्ना सबै विवेक बुद्धि बिर्सिए । झुठा लाञ्छनालाई परीक्षण गर्नै सकेनन् । दृष्यहरूको बहकाउमा लागे । आफै पनि अविवेकीहरूको फन्दामा परेपछि गुरूले अहिंस्रकलाई गुरूकुलबाट निर्दयतासाथ निकाले । गुरूकुलबाट निकालिएका अहिंस्रक आमाबाबुबाट तिरस्कृत भए । आफ्नै जन्मदाता परिवारबाट तिरस्कृत भएपछि ऊ समाजमा अपहेलित भयो । उनको जाने ठाउँ कहिं भएन । बाँच्ने सहारा नै भएन । निराशा, कुण्ठाबाहेक उसलाई केही मिलेन । उसले आत्महत्या गर्न सकेन । बरू त्यो निर्दयी अविवेकी समाजसँग बदला लिन ऊ जंगल पस्यो । अविवेकीहरूसँग एक्लै लड्यो । हत्या, हिंसाको गलत मार्ग अपनायो त्यसपछि ऊ अहिंस्रकबाट अंगुलीमाल डाँका भयो । राजाका थुप्रै सिपाहीहरूले उसलाई पक्रन के उल्टै तिनीहरूलाई समेत बाँकी राखेनन् । हिंसाको कोलाहल मच्चियो । व्यापारीहरू बाटो बदलेर हिँड्न थाले । ऊ एक्लो थियो । तर उसले सयौं मानिसहरूको हत्या गरिसकेको थियो । राजा पनि आजित थिए । अंगुलीमालबाट कसरी छुट्कारा पाउने ?

अन्ततः एक दिन अंगुलीमाललाई सही बाटोमा ल्याउन बुद्ध आफै अग्रसर हुन्छन् । अंगुलीमाल र बुद्धको भेट हुन्छ । अंगुलीमाल बुद्धलाई नभाग्न आदेश गर्छन् । शान्त, गम्भीर, धीर स्वभावका बुद्ध आफू भागिरहेको होइन, अंगुलीमाल तिमी आफै भागिरहेका छौ भन्छन् । अंगुलीमाल झसंग हुन्छन् । वास्तवमा अंगुलीमाल गलत मार्गमा दौडिरहेका थिए । बुद्ध विस्तारै पाइला चलाइरहेका थिए । बुद्धको

तेजले अंगुलीमालको आँखा तिरमिराउँछ । बुद्धले अंगुलीमाललाई शरणमा लिन्छन् । प्रीय वचनले सम्बोधन गर्छन् । बुद्धको मधुर-प्रीय वचनले अंगुलीमाल झस्किन्छन् । आखिर अंगुलीमालको हृदय तत्काल परिवर्तन हुन्छ । ऊ बुद्धको पाउमा पर्छ । महाकरूणावान् बुद्ध अंगुलीमाललाई उठाउँछन् । आफ्नो विहारमा लान्छन् । चीवरवस्त्र लगाउन दिएर प्रव्रजित गर्छन् । राजाको सयौं सिपाहीले गर्न नसकेको दमन बुद्धको महाकरूणा वचनले आखिरमा भिक्षु बन्न अभिप्रेरित गर्छ । राजा छक्क पर्छन् । अंगुलीमाल भिक्षु बन्नु ठूलो आश्चर्यको कुरा हुन्छ । यहाँ बुद्धको महाकरूणाको विश्लेषण गर्न सकिन्छ । बुद्ध-उपदेशमा मनोविज्ञान रहेको पुष्टी हुन्छ । कुनै कविले भनेका छन्- धरती जित्न धरती सबै हृदय चाहिन्छ । हो, बुद्ध हृदय जत्रै विशाल छ । आकाशजस्तै अनन्त छ । सगरमाथा हिमालजस्तै उच्च छ । प्रशान्त महासागर जस्तै गहिरो छ । वास्तवमा बुद्धबाहेक अरू कसमा हुन्छ यति विशालता ? बुद्धले अंगुलीमालको मन जितेर उसलाई गलत बाटो छाडी सही मार्गमा ल्याउने जुन प्रेम र करूणा देखाएका थिए, त्यो सम्पूर्ण मानव जगतका लागिअविष्मरणीय उदाहरण बनेको छ । यो बुद्ध -मनोविज्ञान हो । ☸

**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**
**आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु**
**यहि नै बुद्धको उपदेश हो ।**

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel. 4225625 / 4244173

**बिश्व मोटर ट्रेडर्स**
ख-२,४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।
फोन नं: ४२२५६२५, ४२४४१७३, फायक्स: ४२२१८५५
ईमेल: vmtautoparts@wlink.com.np

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि
गाडिका पार्टसहरु को लागि सम्पर्क गर्नुहोस् ।

**२५५४ औं बुद्ध पूर्णिमा-स्वाँया पुन्हिको सुखद् उपलक्ष्यमा समस्त नेपालीहरूमा सुख, शान्ति, समृद्धिकोलागि हार्दिक शुभ-कामना ।**

**हसना बचत तथा ऋण सहकारी संस्था लि.**
**Hasana Saving & Credit Co-operative Ltd.**
**Balambu (Bhastipur), Kathmandu**

**हाम्रा सेवाहरु**

१. बिहानी सेवा (Morning Counter) को सुविधा
२. Western Union Money Transfer को सुविधा
३. Nabil Remittance को सुविधा
४. दैनिक मौज्दातमा ८.५% ब्याजदर
५. साधारण बचतमा ९% ब्याजदर
६. मुद्दतिमा १२% बार्षिक ब्याजदर
७. कुनैपनि बैंक तथा वित्तिय संस्थाहरुको चेकलाई समाशोधन (Clearing house) सुविधा प्रदान गर्ने
८. कुनै पनि बैंक तथा वित्तिय संस्थाहरुको शेयर सम्बन्धि आवश्यक सेवा तथा परामर्शको व्यवस्था
९. कुनै पनि बैंक तथा वित्तिय संस्थाहरुको प्राथमिक शेयर (IPO) निष्काशन हुँदा आवेदन गरिदिने व्यवस्था ।

# जनशक्तिहरूको विदेश पलायन



✍ त्रिरत्न मानन्धर
"सद्धम्म कोविद"

नेपाल श्रोत र साधन अभाव भएको देश होइन । यहाँको भौगोलिक अवस्थाले गर्दा विविध किसिमका श्रोत र साधनहरू प्रकृतिप्रदत्त छन् । यहाँका हिमाल, पहाड, उपत्यका तथा तराइका भूभाग आर्थिक विकासका लागि आवश्यक श्रोत र साधनले भरिपूर्ण छन् । तराई तथा उपत्यकामा भएको उर्वर माटोले कृषिकार्य गरेर अत्याधिक आर्जन गर्नसक्ने अवस्था विद्यमान छन् । यहाँका सुन्दर प्राकृतिक दृश्यहरूले प्रकृति प्रेमीहरूलाई जहिले पनि आकर्षित पारिरहेका हुन्छन् । देशका विभिन्न धार्मिक महत्वका स्थानहरूले धार्मिक आस्थावानहरूलाई जहिले पनि त्यहाँ पुग्न लालायित गरिरहेका हुन्छन् । यसरी प्राकृतिक र धार्मिक पयर्टन विकासको लागि प्रचुर मात्रामा आकर्षित स्थानहरू छन् । हिमाल, पहाड र बन जंगलमा पाइने अमूल्य जडिबुटी निर्यात गरेर वा स्वदेशमै त्यसको प्रशोधन गरेर आर्थिक अवस्था उकास्ने उपायहरू प्रशस्त छन् । हिमाल तथा पहाडबाट बगेका झरनाहरू जलश्रोत विकासका लागि उचित प्रयोगमा ल्याउन सकिन्छ । यसरी श्रोत र साधनको कमी नेपालमा कुनैपनि हिसाबले छैन ।

तर यति हुँदाहुँदै पनि वर्तमान नेपालको अवस्था कहालीलाग्दो छ । यहाँका लाखौं युवाजन शक्तिहरू अर्थोपार्जन गर्नका लागि विदेश जान बाध्य भएका छन् । आफ्नो घरआँगनका खेतीबारी छोडेर आफ्नो जिउज्यानको सुरक्षा नभएता पनि शारीरिक श्रम गर्न विदेशिएका छन् । आफ्नो अस्मिता लुटिन्छ भनेर थाहा हुँदा हुँदै पनि आफ्ना चेलीहरूलाई विदेश पठाउन सघाइरहेका छन् । त्यस्तै विद्यार्थीहरू आफ्नो देशमा भएका उच्चशिक्षालाई वास्ता नगरी विदेशमा उच्चशिक्षा लिन लाखौंको संख्यामा विदेश धाइरहेका छन् । व्यापारी तथा उद्योगपतिहरू पनि अब यहाँ बसेर कमाउन सकिन्न भनेर उद्योगलाई बन्द गर्दै पूँजी समेत विदेशमैं लगेर राम्रो लगानीको अवसर खोजी गरिरहेका छन् । विभिन्न विषयमा दक्षता हासिल गरेका उच्च जनशक्तिहरू पनि देशको मायालाई थातिमा राखेर अवसरको खोजीमा विदेशमै धाउन बाध्य भइरहेका छन् । यसरी नेपाली जनमानस आफ्नो देशलाई छोडेर विदेशमा भाग्य चम्काउन धाइरहेका छन्, त्यसै बाटोलाई पछ्याइरहेका छन् ।

यस्तो किन भइरहेको छ भन्ने प्रश्नको उत्तर खोजी गरेमा नेपालमा विभिन्न क्षेत्रमा बढिरहेको अशान्ति, लूट, चन्दाआतंक आदि विभिन्न क्षेत्रमा देखापरेका अराजकता तथा विसम परिस्थिति नै हुन् भन्ने स्पष्ट हुन्छ । यस्तै यहाँका राजनैतिक नेताहरू पनि उत्तिकै दोषी छन् जसले यस्ता अराजकतालाई प्रोत्साहित गरिरहेका छन्, निरन्तरता दिइरहेका छन् नातावाद कृपावादलाई संस्थागत गर्न बल पुर्‍याइरहेका छन् र राजनीतिलाई अपराधिकरण गरिरहेका छन् ।

यद्यपि नेपालका राजनीतिवाजहरू आफूहरूलाई जनताका नेता भन्ने दावी गर्छन् तर आफ्नो कार्यकलापले उनीहरूले यो देशलाई यत्ति अशान्तको भुमरीमा पुर्‍याइसकेका छन् कि अब यो देशमा सोझासीधा मानिसहरू बस्नलायक नरहेको लक्षण देखापरिसकेको छ र सामान्य जनताहरू उनीहरूको नामले नै एलर्जी हुने परिस्थिति भइरहेको छ । किनकि जतिपनि सुखशान्ति खलबलाउने हत्या हिंसा, लूटठगी, भ्रष्टाचार आदि कुराहरू हुन्छन् त्यसमा अधिकांश राजनैतिक शाक्तिको आड भइरहेका हुन्छन् । प्रत्यक्ष वा परोक्ष रूपमा राजनैतिक नेताहरूद्वारा अपराध बढाउने कार्य भइरहेको कुरा स्पष्ट छ । राजनैतिक माग मनाउनको लागि यहाँ प्रत्येक दिनजसो विभिन्न राजनैतिक दलहरूले आलोपालो गरेर बन्द र हडताल गरी जनजीवनलाई अस्तव्यस्त पारिरहेको हुन्छन्, आफ्नो अधिकारको प्रयोग

र लोकतन्त्रको अभ्यासको नाउँमा । एकचोटी बन्द हुँदा जनतालाई कति कठिन हुन्छ भन्ने सोच्ने यी राजनैतिक दल र त्यसका भातृसंगठनका नेताहरूलाई फुर्सद छैन । यिनीहरूमा थोरै मात्र पनि विवेक भएको भए हजारौंपटक नेपाल बन्द सफल भइसकेका छन् तर यसले देशलाई कति उँभोलगाए भन्ने साच्थे होलान् । आफ्नो स्वार्थसिद्ध गर्न जनतालाई दुःख दिने र जनताकै लागि भनेर निरन्तर रूपमा यस्ता बन्दको हतियारले जनतालाई निरन्तर प्रहार गरिरहेका छन् । अनगिन्ति त्यस्ता सफल बन्दले यी नेताहरूलाई पक्कै पनि सफल बनाए होलान् तर जनताको हातमा के छ, मात्र शून्यबाहेक । भय, पिडा, आशंकाले घेरिएका ती जनताहरू अनि विकल्पको रूपमा विदेश ताक्नुबाहेक अरू के गर्नु ? यसरी बन्द हुँदा हुने आजीविकाको समस्याले मानिसहरूलाई विदेशीन बाध्य पारिरहेको छ ।

नेपालमा राजनीति गर्ने नेताहरूले पठनपाठनमा लाग्नुपर्ने विद्यार्थीहरूलाई विशेषरूपमा प्रयोग गरिरहेका हुन्छन् । आफ्नो भातृसंगठनको नाउँमा आफ्नो पार्टीले गर्ने राजनैतिक कृयाकलापहरूमा उनीहरूलाई सक्रियताका साथ सहभागी बनाउँछन् । फलस्वरूप बन्द-हडतालमा सबभन्दा अग्रपंक्तिमा उनीहरू नै सक्रिय हुने गर्दछन् र समयसमयमा शिक्षणसंस्था बन्दगर्ने गरिन्छ । यसकारण साँच्चै ध्यानपूर्वक अध्ययन गर्नेहरूका लागि नेपालमा शैक्षिक वातावरण पटक्कै नभएको महसुस गर्दै विदेशमा पढ्न जाने तरखरमा लाग्छन् ।

उद्योग धन्धा, व्यापार आदिको अभिवृद्धि नै देशको आर्थिक विकासको आधार हुन् । केही अगाडिसम्म कुनै बाधाअवरोध विना चलिरहेका उद्योगधन्दामा पनि राजनीतिको प्रभावले अब धेरैजसो उद्योगधन्दाहरू धराशायी हुने अवस्थामा छन् । उद्योग तथा व्यापारमा संलग्न श्रमिकहरूको जायज माग मात्र नभई पुरानै गर्न नसकिने मागहरू अगाडि सार्दै भइरहेका बन्द, हडताल, तालाबन्दि आदि देखी उद्योगीहरू तर्सिएर अब उप्रान्त यहाँ उद्योग तथा व्यापारको लागि पूँजी लगाउनु नाफाभन्दा जोखिम बढि हुने निष्कर्श निकालिरहेका छन् । उद्योग व्यापारमा कार्यगर्ने कर्मचारीहरूलाई पनि यी नेताहरूले राजनीति गर्ने नाउँमा हडताल, बन्दगर्न उक्साइरहेका हुन्छन् वा उनीहरूलाई संरक्षण दिइरहेका हुन्छन् । जसबाट उनीहरू निश्चिन्त भएर उद्योग व्यवसायमा अवरोध पुर्‌याइरहेका हुन्छन् ।

देशमा पर्यटन उद्योगको धेरै सम्भावना भएर के गर्ने, निरन्तर भइरहने हडतालले पर्यटकहरू यहाँ निश्चिन्त रूपले घुम्ने वातावरण नभएको हवाईजहाजबाट ओर्लँदादेखि नै बन्द र हडतालको कारणले यातायातका साधनहरूको अभावाले एअरपोर्टदेखि आफ्ना गुन्ताहरू बोकेर होटेलमा हिँडेर आउनुपर्ने वातावरण यहाँ बरोबर भइरहने हुन्छ । जसबाट एकपटक आएका ती पर्यटकहरू फेरी आउन चाहँदैन र आफ्ना साथी हरूलाई नेपालमा घुम्नजाने ठाउँ नभएको सन्देश दिन बाध्य हुन्छन् ।

अब त यो देशमा राजनीतिगर्ने नेताहरू, कार्यकर्ताहरू तथा विदेशजान आँट नभएका कमजोर जनताहरू मात्र बाँकी रहने हो कि भन्ने लागिसकेको छ । देश विकास गर्नुको साटो आफ्नो स्वार्थ सत्तालिप्साले जनतालाई थर्काउने, देशका जनताहरूमा द्वेष र दुर्भावना फैलाएर आफ्नो दुनो सोझो पार्न अभ्यस्त नेताहरू र ती नेताहरूको आडमा कुनै नियम र प्रकृया र योग्यता विना नै आफूले चिताएको प्राप्तगर्न सफल राजनैतिक कार्यकर्ताहरू मात्र यो देशमा बस्नसक्ने वातावरण बनाइँदै छन् । देशका नेताहरूले अब साँच्चै देश बनाउन चाहने हो भने विभिन्न कमजोरीहरूलाई सच्याउने जमर्को गर्नुपरेको छ । भाषण, जुलुश, नारा, हड्ताल, बन्द गरेर एक अर्कामाथि द्वेष-दुर्भावनाहरू मात्र बढाउने काम भएको छ र देशलाई समस्याग्रस्त बनिसकेको छ । अब द्वेष दुर्भावनाको सट्टा परस्पर मैत्रीको वातावरण बनाउन प्रयास गरौं । देशका सबै जनताप्रति मैत्रीको कामना, करूणाको कामना, ईर्ष्यारहित समतापूर्वक जिउने वातावरण बनाउन अग्रसर हुनु नै आज देशको माग हो र देशको अस्तित्व बचाउने कार्य हो । ☸

# विश्व-शान्तिका निम्ति शून्यता



✍ लोकबहादुर शाक्य

सही कुशलता भनेको चित्तलाई स्वच्छ सफा गरिराख्न सके प्राप्त हुन्छ । अझ चित्तमा मंगल-मैत्री भावना विकसित गरिराख्नु पर्‍यो । द्वेष-दौर्मनष्य भावना राखेर कडा कठोर कुरा गर्‍यो कि चित्त शुद्ध हुँदैन । अनि सुखशान्ति पनि नहुने भयो । स्नेह-सद्भाव विकसित गर्नसके अनिवार्य रूपले शान्ति-चैन हुनेभयो । फेरि सौमनष्य भरेको चित्त स्वतः सुखी हुन्छ भने दौर्मनष्य चित्त दुःख भइरहन्छ । यो प्रकृतिको अटूट नियम हो, यसलाई ऋत तथा धर्म नियामकता पनि भनिन्छ । यो प्रकृतिको अचूक नियम, ऋत र धर्मनियामकताप्रति सदा जागरूक भएर चित्तमा सौमनष्य भरिराख्ने अनि दौर्मनष्य पन्छाउने प्रयास गरिराख्नु पर्ने भयो । यस किसिमको आचरण नै सही कुशल हो अनि आफ्नो यथार्थ मंगल ।

सरलता चित्तको विशुद्धि हो भने कुटिलता मयलको फोहर हो । फेरि कुटिलतारूपी मलीनता अनर्थकारिणी हो भने विशुद्धता सर्वार्थ साधिनी हो । अझ कुटिलता सर्वहित भैरहेको छ । आफ्नो मात्र होइन सबैको हित सुख साधना भैरहेकोले सरलता स्वीकारी कुटिलता त्याग गर्नु पर्‍यो । नैसर्गिक स्वच्छ चित्त स्वभावैले सरल हुन्छ सरलता छैन भने स्वच्छता नहुने हुदा सरलता नहुने कारण तर्फ निरन्तर सचेत भैरहनु पर्छ । यसको तीन कारण भनेको तृष्ण, अहंमन्यता तथा दार्शनिक दृष्टि (तण्हा-मान-दिट्ठि) यी तीन मध्येमा कुनै पनि एकमा आशक्त भयो भने सरलता-स्वच्छा टाढा हुने हुन्छ । अनि सुख-शान्ति विहीन भएर कुखको वातावरणमा फस्ने हुन्छ ।

विपश्यना आचार्य सत्यनारायण गोयन्काकृत 'धर्म आदर्श जीवनका आधार' पुस्तकमा उल्लेख भएबमोजिम कुनै वस्तु, व्यक्ति अथवा स्थितिप्रति तृष्णा र आशक्ति भयो भने सो प्राप्त गर्न तथा अधिकार जनमाउन घटिया तरिकापनि अपनाउने हुन्छ । चोरी, डकैती, झूठ, छल, प्रपंच, धोखा आदि अकुशल काम कुरो पनि गर्ने हुन्छ । त्यतिमात्र होइन तृष्णााको प्रभावद्वारा क्रोध, रोष, द्वेष, द्रोह, दौर्मनष्य आदि दुर्भावना पनि विकसित हुँदोरहेछ । परिणामस्वरूप सुखशान्ति नभएर चित्तमा सरलता पनि नष्ट हुने हुन्छ । फेरि 'म मेरो' भन्ने भावनाप्रति आशक्ति भयो भने मिथ्या कल्पित सुरक्षा र हितसुखको निम्ति अनेक दुष्कर्मतिर अग्रसर हुने मात्र होइन आफ्नो कुरा नमान्नेसँग झगडा गरी नचाहिँदो प्रयास पनि गर्ने हुन्छ, फलस्वरूप आफ्नै हानी हुने हुन्छ । यस्तै प्रकारले साम्प्रदायिक मान्यताप्रति आशक्त भयो भने संकीर्णताको शिकार बनी सहज-सरलतालाई नराम्रो असर पर्ने हुन्छ । अझ अन्धमान्यता, कर्मकाण्ड तथा बाहिरी आडम्बरप्रति आशक्त भै अग्रसर भयो भने कल्याणको बाटो बन्द हुने हुन्छ । अनि साम्प्रदायिकताको दास भएर आफ्नो मनपरी जिद्धि गर्ने प्रवृत्ति भै आफ्नो स्वाभाविकता सहज सौन्दर्य पनि नष्ट हुने हुन्छ ।

कुटिलता, कठोरता, अभिमान, ग्रन्थि वन्धन हो भने सरलता, मृदुता, निरभिमानिता ग्रन्थि विमोचन हुने हुन्छ । ग्रन्थि वन्धन ठूलो दुःखदायी छ । सच्चा सुख त ग्रन्थि विमोचनमा छ, विमुक्तिमा छ । जब सरलता नभइकन कुटिलता अपनाउँछ तब मानसिक असन्तुलन हुने हुन्छ । यो भनेको वेचैनी, अशान्ति, व्याकुलता विकसित हुने भयो । बुझ्नु पर्ने यथार्थ कुरा त चित्त सहज-सरल अवस्थामा पर्‍यो कि मृदु, मधुर, सौम्य, स्वच्छ, शीतल शान्त हुने हुन्छ । शरीर हल्का फुल्का तथा पुलक-रोमाञ्च भरिरहेको हुन्छ । यसको परिणामस्वरूप प्रीति-प्रमोद र सुख-सौर्हाद्र पनि हुने भयो । अनि आन्तरिक प्रीतिसुख, मैत्री र करूणा बाहिर प्रकट भै आफ्नो सुखशान्ति अरूलाई पनि बाँडेर आसपास तथा चारैतिर सबै वायुमण्डल पनि प्रशन्न मुद्रामा विकसित हुने हुन्छ । त्यसैले आत्महित, परहित तथा सर्वहितको निम्ति महाअमंगलरूपी कुटिलता त्याग गरेर महामंगलरूपी सरलता अपनाउन बिर्सनु भएन ।

ज्ञानवर्धक काम कुरोलाई भित्र दिलबाट चिन्न मनन् गर्दा वज्रयान सम्प्रदायको प्रगतिशील आधारहरू सर्वप्रकारले जगतहित, समानता र धर्मसमन्वय सिद्धान्त बोध गरेर व्यवहारमा प्रयोग गर्न अनिवार्य भयो । यस उचस्तरका धर्म-दर्शन कार्यान्वयन गर्न आदरणीय विपश्यना आचार्य सत्यनारायण गोयन्काज्यूको उक्ति 'बुद्धधर्म धर्म

होइन, हिन्दुधर्म धर्म होइन, क्रिश्चियनधर्म धर्म होइन, मुश्लिमधर्म धर्म होइन, धर्म धर्म हो' यथार्थ रूपमा बुझ्नु पऱ्यो । यसको आशय भनेको एकमात्र धर्ममा आशक्ति भयो भने साम्प्रदायिक भावना प्रकट हुनसक्छ । आफ्नो धर्मसंस्कृति माने पनि अरू धर्मप्रति अन्यथा नसोची सबै धर्मको उद्देश्य भनेको कुशल, मङ्गल, सेवा, काम-कुरो गर्ने मैत्री, करूणा, समान, भावना, विकसित गर्ने नै हो भनेर वोध गरी सबै धर्मप्रति समन्वयात्मक भावना विकसित गर्न सके मात्र विश्व शान्तिको निमित्त योगदान हुने हुन्छ ।

लेखको मुख्य मनसाय कुटिलता त्याग गरेर सरलता अपनाई जीवन सार्थक गर्ने कार्यमा प्रज्ञापारिमिता दर्शनका सिद्धान्त शून्यता ज्ञान सघाउ हुने देखिएकोले यहाँ उल्लेख गरिएको छ । साधारण रूपले मात्र विचार गर्दा शून्यता शब्दको अर्थ केवल रिक्तता, केही नभएको भन्ने मात्र बोध हुन्छ । तर त्यो नभई यसमा उच्च कोटीको दर्शन समावेश भएको छ । देशना प्रवचन सुनेर, अध्ययन गरेर ज्ञान हासिल गर्न सकिन्छ । तर प्रज्ञा भनेको अरूबाट ज्ञान लिने नभै आफ्नै चित्तद्वारा गम्भीर रूपमा विचार विमर्श गरेर अनुभव गरी यथार्थ रूपमा वो गर्नु पर्ने धारणा हो । संसारमा जे जति वस्तुहरू जड होस् वा चेतन तिनीहरूको कुनै न कुनै नाम हुन्छन् । सबै नामहरूलाई कल्पित स्वभाव भनिन्छ । जो वास्तवमा छैन । कल्पित स्वभावका नामलाई निःस्वभाव वा शून्य भनिन्छ । शरीरमा म मेरो भन्ने अहंकार ममकार पनि कल्पित नाम मात्र हुन् । शरीरको अङ्गप्रत्यङ्ग तथा अणुअणुमा खोजेपनि 'म' भन्ने भेटिन्दैन, केवल अविद्या-अज्ञान मोहले गर्दा शरीरमा म मेरो भन्ने कल्पना गर्दछ । सारा वस्तुमा रहेको नाम मात्र फिकिदिनसके पनि वस्तुहरू अनिर्वचनीय स्वभावका हुन पुग्छन् । जड वा चेतन वस्तुको नामबाट हुने सारा आशक्ति क्षीण भएर जान्छ । स्तुति-प्रशंसा तथा निन्दाबाट हुने अभिमान र क्रोध आदि विलीन भएर जाने हुन्छन् ।

सारा जड वा चेतन वस्तुहरू दुई वा धेरै वस्तुहरूको संयोगले बनेका हुन्छन् । अर्थात् अवस्था परिवर्तन वा भौतिक तथा राशायनिक परिवर्तन भई बनेका हुन्छन् । यसरी बनेका वस्तुहरूलाई प्रतीत्यसमुत्पन्न वस्तु भनिन्छ । प्रतीत्यसमुत्पादको मुल कुरा के छ भने यो वस्तु हेतुप्रत्यय पाएमा यो वस्तु हुन्छ, यसको उत्पत्ति भएमा यो उत्पत्ति हुन्छ भन्ने कार्यकारण भावको नियमलाई प्रतीत्यसमुत्पाद भनिन्छ । संसारमा हेतुप्रत्ययको संयोगले बनेका अनन्त वस्तुहरू छन् । ती सबै संवृति सत्य (व्यवहार) को दृष्टिले सत्य हुन्, परमार्थ सत्य (निर्वाण) को दृष्टिले जादु जस्ता हुन् भनी भावना गर्न सकेमा सबै वस्तुहरूको आशक्ति हट्ने हुन्छ । बुद्धधर्म वैज्ञानिक भएको कुरा द्वादशाङ्ग प्रतीत्य समुत्पाद (अविद्या, संस्कार, विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भव, जाति, जरामरण) बाट प्रमाणित हुन्छ । यसलाई भवचक्र पनि भनिन्छ । अनिश्वरवादको सिद्धान्त पनि यसबाट प्रमाणित हुन्छ ।

❁

# बुद्ध तिमी आऊ

- देवेन्द्रराज शाक्य, बुटवल



शताब्दीऔं अगाडि तिमीले
शान्तिको सन्देश छरेथ्यौ
समयको प्रवाहसँगै
मानिस आ-आफ्नै स्वार्थमा
डुब्दै गए,

तिमीले दिएको शान्तिको सन्देश
बिर्सदै गए,
आज देशमा अशान्ति छ
हत्या, हिंसा, भ्रष्टाचार, ब्यभिचार चुलिंदैछ,
महिला, बालबालिका, गरिब, निमुखामाथि
अत्याचार बढ्दो छ
मानिसमा देवत्वको ऱ्हास भई
दानवत्व बढ्दोछ

आऊ बुद्ध फेरी आऊ
यस धरतीमा पुनः आऊ
हतियार बोक्ने हातमा
कलम समाउन सिकाऊ
पिडैपिडाको घाउमा
मलम लगाउन आऊ
अशान्त यो देशमा
शान्ति छर्न आऊ

# बुद्धशिक्षा -विश्व वातावरणको रक्षा



✍ शिशिल चित्रकार

आजभोलि विश्वको तापक्रम, वायु, खडेरी, अतिवृष्टी, अनावृष्टि, समुन्द्रको जलसतह, हिमालको हिउँ पग्लिने आदि समस्याहरूको बारे निकै चर्चापरिचर्चा हुन्छन् । संसारको विनाशका यस्ता प्रसंगहरूमा मानवको कस्तो भूमिका रहन्छ ? विकासशील राष्ट्रहरूले यसको जिम्मा विकशित राष्ट्रहरूलाई दोष देखाउने, विभिन्न खालको उद्योग कलकारखानाबाट प्रदूषित ग्यासहरूलाई जिम्मेवार ठऱ्हयाउने प्रयाश मात्र गरेको देखिन्छ । हालसालै मिति २०६७।२।२२ मामात्र विश्ववातावरण दिवस मनाइयो र यसमा पनि विभिन्न प्रकृतिजन्य प्रसंगहरूको कुराकानी मात्र भयो तर सबैभन्दा ठूलो कुरा व्यक्तिको धर्मको सम्बन्ध प्रकृतिसंग जोड्ने जमर्को देखिएन ?

आज वन जंगल, तापक्रम, पानी आदिमा वातावरणको प्रसंग चल्छ तर समाज विश्वको अराजकता, अनैतिकता, लूट, डकैती, भ्रष्टाचार आदि मानवीय चरित्रको वातावरणसम्बन्धी कुनै अन्तर्राष्ट्रिय गोष्ठी, कार्यक्रमको आयोजना हुन्छ वा हुँदैनन् भन्ने सवाल उठाउनु आवश्यक भइसक्यो । के मानवीय चरित्रभन्दा ठूलो र मुख्य वातावरण विश्वमा अरू कुनै हुन सक्दछ ? सारा संसार यो साढे तीनहातको शरीरमा भएको, वातावरणको उद्गम यही सोच, चित्त हुन् भन्ने कल्पना पनि गर्न सक्दैनन् ?

**धर्म एक एक व्यक्तिको** : धर्म एक एक व्यक्तिको हुन्छ, **'एकं एव चरे धम्म'** एक एक व्यक्तिले धर्म आचरण गर्दछ भने समाजको कल्याण हुन्छ । जब सबै जंगल सुक्खा हुन्छ, हामी चाहन्छौं कि जंगल पुनः हराभरा होउन्, तब सबै बृक्षहरूलाई आवश्यक पानी दिनु पर्दछ । जब सबै रूखले आवश्यक पानी प्राप्त गर्छ तब सबै जंगल हराभरा हुन्छ । त्यसैगरी सबै व्यक्ति धर्मवान नभई समाजलाई शान्ति छाओस्, सुखी होस् भनी कामना गरेर समाजमा शुख र शान्ति आउन सक्दैन ।[1] आजको विश्वको माहौल, वातावरण प्रदूषित हुनुमा धर्मवान व्यक्तिहरूको अभाव हो वा होइन ? धर्मवान व्यक्तिहरूको अभाव, विश्व-वातावरण प्रदूषित भएको विभिन्न प्रसंग चलेकोमा मानव चरित्रबारे कुरा नउठ्नु नै विश्व-वातावरण विनाशको सबभन्दा ठूलो कमीकमजोरी हो वा होइन ? आज मानव चरित्र केन्द्रित शिक्षाको उचित व्यवस्थापनविना विश्वको वातावरण दिनानुदिन ह्रासोन्मुख हुनुमा के को आश्चर्य ?

एकजना शाक्य राजकुमारको प्रसंग राख्नु उचित हुनेछ कि राज कुमार भृग सद्धर्मको सम्पर्कमा आएपछि श्रद्धापूर्वक प्रव्रजित भएर विपश्यना साधनामा लिन हुनुभयो । तर बारम्बार अल्छिपनले बाधा पुऱ्याएपछि चंक्रमण गरेर ध्यान गर्न थाल्नुभयो र उच्चस्थानमा गई ध्यान गर्दा निंद्राको कारणले माथिबाट लड्नुभयो । तर यो घटनाबाट विचलित तथा हतोत्साहित हुनुको साटो साधनामा झन लिन हुनुभयो र मनलाई सजक गर्नुभयो र समाहित पनि । त्यस अवस्थामा **ततो मे मनसिकारो योनिसो उपज्जथ** अर्थात् मेरो मनमा योनिसोमनसिकार जाग्यो, सम्यक् संकल्प जाग्यो, **आदिनवो पातुरहु** यो चित्त र शरीर प्रपंचप्रति जुन आशक्ति छ त्यो कति खतरनाक छ, यो बोध भयो, यस्को परिणामस्वरूप, **निब्बिदा समतिट्ठथ** यो प्रपंचप्रति निर्वेद जाग्यो र मन स्थीर भयो भनी व्यक्त गरे । **यसरी नै ततो चित्त विमुच्चि मे** यसबाट मेरो चित्त विमुक्त भयो, सबै संस्कारबाट छुटकारा मिल्यो, **पस्स धम्म सुधम्मतं** हेर धर्मको यो सुधर्मतालाई हेर, महिमालाई हेर, महत्तालाई हेर, **तिस्सो विज्जा अनुप्पत्ता** मैले तीनवटै विद्या प्राप्त गरें, **कतं बुद्धस्स सासन** र बुद्धको शासनको शिक्षालाई पुरा गरें[2] भनी व्यक्त गरे ।

**सुरक्षित र असुरक्षित** : जेतवन विहारमा ध्यान गर्दा गर्दै कोशल राजा प्रसेनजितले असुरक्षाको भयावहप्रति विचार गर्नुभयो । को सुरक्षित छ ? को असुरक्षित छ ? हात्ती, घोडा, रथमा सवार वा पैदल, अंग रक्षकसहित पनि कुनै पनि व्यक्ति तबसम्म सुरक्षित हुन सक्दैनन् जबतक शरीर, मन र चित्तको दुराचारबाट विरत हुन सक्दैनन् । शरीर, मन, वचनबाट हुने दुराचारबाट भित्री सुखशान्ति हराउदछ र मन आकुल व्याकुल हुन्छ । **सुख पाउनको लागि दुराचारबाट बच्नु पर्दछ र असली सुरक्षा आफ्नो आचरण सुधार नै हो ।** यो सम्झी बुद्धसँग आफ्नो सम्यक् संकल्प बताउँदा, उनले उपदेश दिंदै भन्नुभयो-

**कायेन संवरो साधु, साधु वाचाय संवरो ।**
**मनसा संवरो साधु, साधु सब्बत्थ संवरो ।**
**सब्बत्थ संवुतो लज्जी, रक्खितोति पवुच्चतीति ।**

शरीरको संयम राम्रो छ, राम्रो छ वचनको संयम । मनको संयम राम्रो छ, राम्रो छ सबैको संयम । जुन लज्जावान व्यक्ति सबै प्रकारको संयम गर्दछ, त्यही सुरक्षित छ ।[3]

**धन-सग्रह** : आज संसारमा मानिसको अज्ञानता वा मुर्ख्याइको कारणले धन-संग्रहलाई नै सुखको कारण मानी, जस्तोसुकै दुराचरण गरी धन-संग्रहमा उद्यत हुनबाट संसार नै असुरक्षित भइरहेको छैन ? धनको कारणले घर परिवार, समाज, विश्वमा देखापरेको युद्धलाई बुझ्न सकिरहेको छैन ?

हालसालै भारतको मेघालयमा नेपाली भाषीप्रति खासी भाषीहरूले गरेको आक्रमण, हत्याको कारकतत्व के हो ? कजिकस्तानमा उब्जेकीहरूलाई लखेट्नु, सयौं मानिसहरूको ज्यान जानु, ७० हजार मानिसहरू उब्जेकिस्तान पलायन हुनुमा कुनमा कुन कारक तत्व जिम्मेवार छ ?

**पुत्त म'त्थि धनम्मत्थि–इति बालो विहञ्ञति ।**
**अत्ता हि अत्तनो नत्थि– कुतो पुत्ता कुतो धनं ?**

अर्थः मेरो छोरा छ, मसँग धन छ भनी चिन्तन गरेर बस्ने मुर्खजनहरू दुःखित हुन्छ । आफ्नो शरीर नै आफूले भने भै छैन भने पुत्रादि धन आफूले भनेजस्तो कहाँ हुन्छ ?[4] (धम्मपद, ६२)

**वास्तविक संसार र वातावरण** : विश्ववातावरण दिवस मनाउने, तापक्रम, ग्यास, रसायन, ईन्धन, बन जंगल आदिको यावत कुरा हुन्छ तर व्यक्तिको आफ्नो भित्री संसार, वातावरण मनको कुरा हुँदैन ? आर्यसत्यको अनुभूति पाउन, शरीरको पंचस्कन्धको कारणले हुने राग, द्वेष, मोहलाई बुझी त्यसलाई निर्मूल गरी **वास्तविक सुख पाउन शरीरको भित्र नै साक्षात्कार गर्न सकिन्छ, बाहिर होइन । दुःखबाट मुक्त हुने मार्ग आर्य अष्टांगिक मार्ग शरीरको भित्र नै छ, बाहिरी संसारमा होइन ।**[5]

यस अर्थमा आज जुन संसार, वातावरण वातावरण भन्ने जुन हौआ छ, त्यो आफै अपूर्ण मात्र होइन, दिग्भ्रमित पनि छ । वास्तविक संसार, वातावरण, मानिसको शरीर भित्रै छ, र मन, वचन, शरीरबाट हुने अकुशल कर्मबाट विरत नभई, विश्व-संसार र वातावरणको उच्चारण गर्नु समेत गलत हुनेछ र संसार भयावहतर्फ उन्मुख मात्र हुने हुन्छ । आजको वास्तविकतालाई हृदयंगम गर्न सकिन्छ वा सकिंदैन ? व्यक्तिको आफ्नो शरीरको क्रियाकलाप बुझ्ने शिक्षा, प्रचारप्रसारको कस्तो अवस्था छ ? वास्तविक र सही प्रचारप्रसार भन्दा बाहिरी खोक्रो प्रचारप्रसारतर्फ मात्र उन्मुख भएको हो वा होइन ? वास्तविक संसार शरीर र वातावरण दूषित हुनाका कारण व्यत्ति स्वयं नै हुन् भने यस्को प्रदूषणबाट जोगाउन पनि व्यक्तिको शिक्षा नै महत्वपूर्ण निर्विवाद छ । तसर्थ विश्व वातावरण प्रदूषित हुनबाट जोगाउन बुद्धशिक्षा आजको आवश्यकता हो ।

**(Footnotes)**

1 गोयन्का, सत्यनारायण, निर्मल धारा धर्म की (हिन्दी) विपश्यना विशोधन विन्यास, धम्मगिरि, इगतपुरी, मार्च १९९५, पृ. ३५

2 सत्यनारायण गोयन्का, जागे मंगल प्रेरणा (हिन्द), यशपाल जैन, सस्ता साहित्य मण्डल, दिल्ली, ई.स. १९९०, पृ.२२५

3 उही पृ. १६४–१६५

4 भिक्षु अमृतानन्द (अनु.), धम्मपद (पाली–नेपालभाषा) काठमाडौं, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, बि.स. २०४७

5 पूर्वोक्त पादटिप्पणी २, पृ. १८८

# बुद्ध भजन

**– सरिता तुलाधर 'उपासिका'**
विराटनगर

सुन न साथी सुन न बुद्धको नाम जपन
मायाको संसार ठुलो छ यसमा नपरन
बसौं न साथी बसौं न बुद्ध विहारमा
भजन किर्तन गरौं न राखेर बुद्धलाई मनमा ।

